प्रदेश सरकार
# पर्यटन, वन तथा वातावरण मन्त्रालय
## वन निर्देशनालय
## डिभिजन वन कार्यालय, इलाम
कोशी प्रदेश, इलाम, नेपाल

ने.सं. : ११४४ गुंलाध्व, ३ बुधवार

प.सं. : २०८१/०८२

मिति : २०८१/०४/२३

च.नं. ४२१

**विषय : सूचना टाँस गरी जानकारी पठाइदिने सम्बन्धमा ।**

श्री माई नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, इलाम ।

श्री चुलाचुली गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, इलाम ।

श्री रोङ गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, इलाम ।

श्री चुलाचुली सब डि.व.का.,
बाह्रगोठे, इलाम ।

श्री माई सब डिभिजन वन कार्यालय,
सुखानी, इलाम ।

श्री रोङ सब डिभिजन वन कार्यालय,
इलाम ।

चुलाचुली गाउँपालिका
दर्ता नं.: १२०
दर्ता मिति: २०८१/५/०४

उपरोक्त विषयमा यस कार्यालयबाट मिति २०८१/०४/२३ गते इलाम पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा वेवारिसे अवस्थामा बरामद भएको काठ हकदावी गर्ने बारेको ३० दिने सूचना पाना १ यसै पत्रसाथ संलग्न राखी पठाइएको छ । सूचना प्राप्त भए पछि ताँहा कार्यालयको सूचना पाटी सूचना टाँस गरी सो को जानकारी यस कार्यालयमा पठाईदिनुहुन अनुरोध छ ।

दान बहादुर श्रेष्ठ
डिभिजनल वन अधिकृत

"व्यावसायीक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन"
फोन नं. ०२७-५२३०२७, Email : dfoilam@gmail.com, Website : dfoilam.koshi.gov.np

प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, इलाम
कोशी प्रदेश, इलाम, नेपाल

ने.सं. : ११४४ गुंलाथ्व, ३ बुधबार
मिति : २०८१/०४/२३

प.सं. : २०८१/०८२
च.नं.

# सूचना । सूचना ॥ सूचना ॥।

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०८१/०४/२३ गते इलाम पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा गोलिया/चिरान काठ हकदावी सम्बन्धी प्रकाशित सूचना अनुसार यस कार्यालय अन्तर्गतको सब डिभिजन वन कार्यालय, रोङ, इलामले आफ्नो कार्य क्षेत्र भित्र विभिन्न मितिमा साल चिरान थान ६५ को १०७.०७ क्यु.फि. काठ, साल गोलिया थान ६७ को २९०.३७ क्यु.फि. काठ र चिलाउने गोलिया थान ३ को ७४.१५ क्यु.फि. काठ वेवारिसे अवस्थामा बरामद गरी उक्त काठ सब डि.व.का. माई, सुखानीको घाटगद्धीमा सुरक्षितसाथ राखेको । त्यसै गरी सब डिभिजन वन कार्यालय, माई, सुखानीले आफ्नो कार्य क्षेत्र भित्र विभिन्न मितिमा साल चिरान थान २५३ को २१२.८२ क्यु.फि. काठ वेवारिसे अवस्थामा बरामद गरी उक्त काठ सब डि.व.का. माई, सुखानीको घाटगद्धीमा सुरक्षितसाथ राखेको र सब डिभिजन वन कार्यालय, चुलाचुलीले आफ्नो कार्य क्षेत्र भित्र विभिन्न मितिमा साल चिरान थान ५९३ को ६२०.८० क्यु.फि. काठ र साल गोलिया थान ४ को २७.०० क्यु.फि. काठ वेवारिसे अवस्थामा बरामद गरी उक्त काठ सब डि.व.का. चुलाचुलीको घाटगद्धीमा सुरक्षितसाथ राखेको हुँदा वन नियमावली, २०७९ को दफा १२४ मा भएको व्यवस्था बमोजिम उक्त चिरान/गोलिया काठहरु व्यक्ति/उपभोक्ता समुह/संघ संस्था वा अन्य कोही कसैको भएमा तपसिल बमोजिमका प्रमाणहरु सहित **३० (तीस)** दिन भित्रमा यस कार्यालयमा हकदावी गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**तपसिल**

१. काठ, दाउरा प्राप्त गरेको वा काठ, दाउराको स्वामित्व प्रमाणित हुने प्रमाण कागजात,

२. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

३. अन्य कुनै हकदाबी सावित हुने प्रमाण